ICFC

प. सं. आइ.सि.एफ.सि./०७८-०७९/प्र.शा./०१६८

मिति : २०७८/०८/०८

श्री नेपाल स्टक एक्सचेन्ज लि.
सिंहदरवार प्लाजा, काठमाण्डौ ।

**विषय : अठारौं वार्षिक साधारण सभाको जानकारी तथा शेयर दाखिला खारेज सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस वित्तीय संस्थाको मिति २०७८/०८/०७ (तदनुसार २३ नोभेम्बर २०२१) मंगलबार अपरान्हको ३:०० बजे बसेको संचालक समतिको २८८औं बैठकको निर्णय बमोजिम यस वित्तीय संस्थाको अठारौं वार्षिक साधारण सभा मिति २०७८/०९/०५ गते सोमबार (तदनुसार २० डिसेम्बर २०२१) बस्ने भएको हुँदा सो प्रयोजनको लागि मिति २०७८/०८/२३ गते देखि २०७८/०९/०५ गते सम्म संस्थाको शेयर नामसारी दाखिल खारेज दर्ता बन्द रहने व्यहोरा जानकारीको लागि अनुरोध छ, साथै संस्थाले वितरण गर्ने लाभांश निम्नानुसार रहेको व्यहोरा अनुरोध छ ।

**विवरणः-**

१.बोनस शेयरः- चुक्ता पूँजीको १०% ले हुन आउने रु १०,२४,२६,५८०/-(अक्षेरुपी दश करोड चौबीस लाख छब्बीस हजार पाँच सय असी)
२.नगद लाभांशः- चुक्ता पूँजीको ४% ले हुन आउने रु ४,०९,७०,६३२/- (अक्षेरुपी चार करोड नौ लाख सत्तरी हजार छ सय बत्तीस)
३.शेयर दाखिला खारेज बन्द मिति :२०७८/०८/२३ देखि २०७८/०९/०५ सम्म

हालको चुक्ता पूँजी : १,०२४,२६५,८००/-(अक्षेरुपी एक अर्ब दुई करोड बयालीस लाख पैसठ्ठी हजार आठ सय मात्र)

बार्षिक साधारण सभाको मिति : २०७८/०९/०५

अठारौं बार्षिक साधारण सभाको विषय सूचीको जानकारी मिति २०७८/०८/०९ गतेको राष्ट्रिय दैनिक पत्रिकामा सार्वजनिक सूचना प्रकाशन गरिने र सो प्रकाशन गरिने सुचनाको मस्यौदा एक प्रति यसै साथ संलग्न राखि पेश गरेको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

सहयोगका लागि धन्यवाद ।

ICFC FINANCE LIMITED

भवदिय,

.............................
लक्ष्मण प्रसाद जैसी
कम्पनी सचिव

**बोधार्थ :**
श्री नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर ।
श्री सि.डि.एस.एण्ड क्लियरिङ्ग लिमिटेड, पुतलीसडक, काठमाण्डौ ।
श्री ग्लोबल आइएमई क्यापिटल लिमिटेड, नक्साल, काठमाण्डौ ।


**ICFC FINANCE LIMITED** आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड
1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O.Box: 25460, Tel: 977-1-4425292, Fax: 977-1-4425294, Email: info@icfcbank.com
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको ईजाजतपत्र प्राप्त संस्था
www.icfcbank.com

**आइ.सि.एफ.सि. फाइनान्स लिमिटेडको**
**अठारौं वार्षिक साधारण सभा सम्वन्धी सूचना**

ICFC

**श्री शेयरधनी महानुभावहरु,**

यस वित्तीय संस्थाको मिति २०७८/०८/०७ गते मंगलबार बसेको सञ्चालक समितिको २८८औं बैठकको निर्णयानुसार यस कम्पनीको अठारौं वार्षिक साधारणसभा निम्न मिति, समय र स्थानमा देहायका विषयहरूमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछु ।

१) **मिति, स्थान र समय**

मिति: २०७८ पौष ५ गते सोमबार (तद्नुसार डिसेम्बर २०, २०२१)

समय: विहान १०.०० बजे ।

स्थान: आम्रपाली ब्यांक्वेट, थिरबम सडक, भाटभटेनी, काठमाण्डौ ।

२) **सभामा प्रस्तुत छलफलका विषयहरु**

**क. सामान्य प्रस्तावहरु**

१. आर्थिक वर्ष २०७७/७८ को संचालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७८ आषाढ मसान्तसम्मको वासलात तथा सोही मितिमा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण स्वीकृत गर्ने ।
३. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पाूजीको ४ प्रतिशतका दरले हुने नगद लाभांश रु.४,०९,७०,६३२/- ( अक्षेरुपी चार करोड नौ लाख सत्तरी हजार छ सय बत्तिस मात्र ) (बोनश शेयर तथा नगद लाभांशको कर प्रयोजनको लागि समेत) वितरण गर्न स्वीकृत गर्ने ।
४. लेखापरीक्षण समितिको सिफारीस बमोजिम आ.व. २०७८/७९ को लागि बाह्य लेखा परीक्षक नियुक्त तथा निजको पारीश्रमिक निर्धारण गर्ने (कम्पनी ऐन, २०६३ को दफा १११ (३) बमोजिम बाहालवाला लेखापरीक्षक एस.ए.आर एण्ड एसोसिएट्स पुनःनियूक्ति हुन योग्य हुनुहुन्छ ।)

**ख. विशेष प्रस्ताव**

१. संचालक समितिबाट प्रस्ताव गरे बमोजिम कम्पनीको चुक्ता पुँजीको १० प्रतिशतका दरले हुने रु.१०,२४,२६,५८०/-( अक्षेरुपी दश करोड चौबिस लाख छब्बिस हजार पाँच सय असि मात्र ) बराबरको बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने र बोनश शेयर जारी गर्दा वित्तिय संस्थाको प्रस्तावित जारी तथा चुक्ता पुँजीको भिन्न अंकलाई रु. १००/- ले बिभाजन हुने पुर्ण अंकमा समायोजन गरी जारी तथा चुक्ता पुँजी बृद्धि गर्ने र सोही अनुसार प्रबन्धपत्र संशोधनलाई स्वीकृत गर्ने ।
२. कम्पनीको प्रबन्धपत्रको प्रस्तावित संशोधनमा नियमनकारी निकायवाट कुनै फेरवदल सुझाव भएमा सो अनुसार आवश्यक फेरवदल गर्न संचालक समितिलाई अख्तियारी दिन स्वीकृत गर्ने ।

**ग. विविध**

ICFC FINANCE LIMITED

सञ्चालक समितिको आज्ञाले
कम्पनी सचिव



1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O.Box: 25460, Tel: 977-1-4425292, Fax: 977-1-4425294, Email: info@icfcbank.com

**अठारौं साधारणसभा सम्वन्धी सामान्य जानकारीहरु :**

१. मिति २०७८ साल मंसिर २३ गते देखि मिति २०७८ साल पौष ५ गतेसम्म संस्थाको शेयर नामसारी दाखिल खारेज बन्द गरिनेछ ।

२. शेयरधनी महानुभावहरुलाई शेयरधनीको दर्ता कितावमा कायम रहेको ठेगानामा वार्षिक प्रतिवेदन पठाईनेछ । कुनै कारणवस उक्त पुस्तिका नपाउनु भएमा वित्तीय संस्थाको प्रधान कार्यालय, भाटभटेनी, काठमाण्डौ तथा ग्लोवल आइएमई क्यापिटल लिमिटेड, नक्साल काठमाण्डौबाट समेत शेयरधनी प्रमाण पत्र / हितग्राही (DEMAT) खाताखोलेको प्रमाणपत्र प्रस्तुत गरी सो प्राप्तगर्न सक्नु हुनेछ वा वित्तीय संस्थाको Website: www.icfcbank.com बाट हेर्न सकिनेछ ।

३. सभामा भाग लिन आउँदा शेयरधनी महानुभावहरुले आफ्नो फोटो भएको कुनै परिचय पत्र, शेयर प्रमाणवत्र/निक्षेप सदस्यको वि.ओआई.डि.नम्बर वा कुनै एक सक्कल शेयर प्रमाणपत्र साथमा लिई आउनु हुन अनुरोध छ । कोभिड १९ को जोखिमका कारण सभामा उपस्थित हुँदा सामाजिक दुरी कायम गर्ने, भाईरस संक्रमणबाट बच्न बचाउनको लागि आवश्यक मास्क, पंजा लगायत न्यूनतम् सुरक्षाको उपकरणहरु प्रयोग गर्नुहुन सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अनुरोध गरिन्छ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरुले सम्पूर्ण शेयरको प्रतिनिधिपत्र (प्रोक्सी फाराम) भरी वित्तीय संस्थाको सभा शुरु हुनु भन्दा कम्तिमा ४८ घण्टा अगाडी वित्तीय संस्थाको प्रधान कार्यालय भाटभटेनी, काठमाण्डौमा दर्ता गरी सक्नु पर्नेछ । यसरी प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिएको व्यक्ति वित्तीय संस्थाको शेयरधनी हुनु अनिवार्य छ ।

५. सभामा भाग लिन प्रतिनिधि (प्रोक्सी) नियुक्त गरिसकेपछि सम्वन्धित शेयरधनी स्वंय सभामा उपस्थित भई मतदान गर्न चाहेमा शेयर धनिले गरिदिएको प्रोक्सी स्वत:बदर हुनेछ ।

६. शेयरधनी महानुभावहरुको सुविधाको लागि सभा हुने दिन अर्थात मिति २०७८ साल पौष ०५ गते विहानको ९.३० बजे सभा स्थलमा उपस्थित जनाउने कार्यको लागि उपस्थित पुस्तिका राख्ने व्यवस्था मिलाइएको छ ।

७. सर्वसम्मतवाट प्रतिनिधि चयन गरिएको अवस्थामा वाहेक एक भन्दा वढी व्यक्तिहरुको संयुक्त नाममा ( साझा गरी) शेयर लिएको रहेछ भने शेयरधनीको दर्ता कितावमा दर्ता क्रमानुसार पहिलो नाम उल्लेख भएको व्यक्ति एक जनाले मात्र सभामा भाग लिन सक्ने छ ।

८. नावालक वा विक्षिप्त शेयरधनीको तर्फवाट वित्तीय संस्थाको शेयरधनी दर्ता कितावमा संरक्षकको रुपमा नाम दर्ता भईरहेको व्यक्तिले मात्र सभामा भाग लिन वा प्रतिनिधि (प्रोक्सी) तोक्नसक्नु हुनेछ । तर नावालक संरक्षकले संचालक पदमा उम्मेदवार हुन र अरु शेयरधनीहरुको प्रोक्सी ल्याउन सक्नुहुने छैन ।

९. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित सस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भागलिन सक्नु हुनेछ ।

१०. प्रतिनिधि मुकरर गर्दा आफ्नो नाममा रहेको सम्पूर्ण शेयरको प्रतिनिधि एकै व्यक्तिलाई गर्नु पर्दछ । एक भन्दा बढी व्यक्तिलाई आधा/आधा वा अरु कुनै किसिमबाट छुट्टाएर दिएमा बदर हुनेछ ।

११. छलफलका विषयसूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न ईच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ ( सात) दिन अगावै छलफलको विषय कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु पर्नेछ । तर त्यस्ता विषयलाई छलफल र पारित हुने प्रस्तावको रुपमा समावेश गरिने छैन ।

ICFC FINANCE LIMITED

१२. वित्तीय संस्थाको कम्पनी ऐन २०६३ अनुसारको वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको प्रतिवेदन र लेखा परिक्षकको प्रतिवेदन शेयरधनी महानुभावहरुले संस्थाको मुख्य कार्यालय भाटभटेनी तथा यस संस्थाको शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापिटल लिमिटेडमा आई निरीक्षण गर्न र प्राप्त गर्न सक्ने व्यहोरा समेत जानकारीका लागी सूचित गरिन्छ । संस्थाको साधारण सभासंग सम्वन्धित विस्तृत जानकारीहरु संस्थाको **Website: http://www.icfcbank.com** मा उपलव्ध हुनेछ ।

१३. अन्य विस्तृत जानकारीको लागि वित्तीय संस्थाको प्रधान कार्यालयको फोन नं. ४४२५२९२ मा सम्पर्क राख्नुहुन वा संस्थाको वेभसाइट www.icfcbank.com मा हेर्नुहुन वा प्रधानकार्यालयमा सम्पर्क राख्नुहुन अनुरोध छ ।


ICFC FINANCE LIMITED आइ.सि.एफ.सि. फाइनान्स लिमिटेड

1425, Thirbam Sadak, Bhatbhateni, Kathmandu, Nepal, P.O.Box: 25460, Tel: 977-1-4425292, Fax: 977-1-4425294, Email: info@icfcbank.com

नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको ईजाजतपत्र प्राप्त संस्था

www.icfcbank.com